जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजबिराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २५६ २०८२ साल जेठ १ गते बिहीबार (15 May 2025 Thursday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

यस अंक भित्र : २ पृष्ठमा : सगरमाथा संवाद : मिडियाले ... ३ पृष्ठमा : के रेबिज खोप चौबिस ... ३ पृष्ठमा : कतारले अमेरिकालाई ...

# डाक्नेश्वरीका प्रमुख प्रशासकीय अधिकृतसहित आठ जनाबिरुद्ध विशेष अदालतमा आरोप पत्र दायर

**दैनिक समाचारदाता**
**राजविराज, ३१ बैशाख ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, लेखापालसहित ८ जना बिरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बुधबार विशेष अदालतमा भ्रष्टाचार सम्बन्धी आरोप पत्र दायर गरेको छ ।

१० वटै वडामा भएको उच्चस्तरीय पोललाईट जडान कार्यमा भ्रष्टाचार भएको भन्दै अख्तियारले प्रमुख प्रशासकीय अधिकृत रामकिसुन यादव, लेखापाल अनिता परियारसहित ८ जना विरुद्ध बुधबार विशेष अदालतमा आरोपपत्र दायर गरेको हो । आरोपपत्रमा समेटिएका मध्ये ७ जना कर्मचारी र एक जना निर्माण कम्पनीका प्रोपराईटर छन् ।

आर्थिक वर्ष २०७८/०७९ मा उक्त पालिकामा विजुलीको पोलमा उच्च स्तरीय पोललाईट जडान कार्यमा कमसल खालको स्ट्रीटलाईट खरिद गरि फर्जि बिल बनाई पुरै रकम भुक्तानी दिई भ्रष्टाचार गरेको भन्दै ८ जना विरुद्ध आरोपपत्र दायर गरिएको अख्तियारका प्रवक्ता राजेन्द्र कुमार पौडेलले जनाएका छन् ।

अख्तियारद्वारा उक्त पालिकाका प्रमुख प्रशासकीय अधिकृत यादव, लेखापाल परियारका साथै ईन्जिनियर कुलानन्द बिराजी, ईन्जिनियर रामाकान्त चौधरी, सवईन्जिनियर संजय कुमार यादव, योजना शाखामा शाखा अधिकृत विनोद कुमार ठाकुर र योजना शाखामा सहायकस्तर पाँचौं तहमा कार्यरत निकिता चौधरी विरुद्ध आरोपपत्र दायर गरिएको छ ।

यस्तै उक्त निर्माण कार्यमा संलग्न रहेका जि.एस. निर्माण सेवा र कम्पनीका प्रोपराइटर बिजयकुमार यादव विरुद्ध पनि अख्तियारद्वारा विशेष अदालतमा आरोपपत्र दायर गरिएको छ ।



आरोपपत्रमा २०७८/०७९ मा नगरका सम्पूर्ण वडामा १४८ थान एलइडी स्ट्रीट लाइट जडान कार्यका लागि ४८ लाख २४ हजार ८ सय ७४ कबोल अंक भएको खरीद प्रक्रियामा सार्वजनिक खरीद ऐन, नियम र कार्यविधी विपरीत ठेकेदारसँगको बदनियतपूर्ण मिलोमतोमा आफूहरुलाई गैरकानुनी लाभ र नगरपालिकालाई हानी पुर्‍याउने काम भएको उल्लेख छ ।

उक्त कार्यको गलत कार्य सम्पन्न प्रतिवेदन तयार गरि ३ लाख ९२ हजार २ सय निर्माण व्यवसायीलाई भुक्तानी भएको तथा लागत अनुमान तयार गर्दा अस्वभाविक मुल्य राखेको पाइएकोले मुल्य भन्दा बढी भुक्तानी भएको २१ लाख १२ हजार ३ सय ३० समेत गरी कुल २५ लाख ४ हजार ५ सय ३० रुँपैया हानी नोक्सानी भएको पुष्टि भएकाले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा १ बमोजिम कारवाही गर्न आरोप पत्र मार्फत माग समेत गरिएको छ ।

# एक महिलासहित पाँच जना फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ३१ बैशाख ।**

जिल्ला प्रहरी कार्यालय सप्तरीले बुधवार एक महिलासहित पाँच जना फरार प्रतिवादी पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी कार्यालयहरुबाट खटिएको प्रहरी टोलीले अदालतबाट विभिन्न मुद्दामा फैसला भई कैद तथा जरिवाना भुक्तान बाँकी रहेका ती पाँच जनालाई पक्राउ गरेको हो ।

प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले गाउँघरमा लुकी छिपी वसेको अवस्थामा उनीहरुलाई पक्राउ गरेको जानकारी दिए । जालसाजी मुद्दामा पक्राउ परेका चारै जना एउटै पालिकाको रहेका छन् ।

पक्राउ पर्नेहरुमा डाँका मुद्दा तर्फका सप्तरीको महादेवा गाउँपालिका ६ का दिपेन्द्र कुमार खंग रहेका छन् । उनलाई सो मुद्दामा सप्तरी जिल्ला अदालतले ४ महिना कैद र ३ हजार रुपैया जरिवाना तोकेको थियो ।

यस्तै जालसाजी मुद्दाका फरार प्रतिवादी सप्तरीको बोदेवर्साइन नगरपालिका २ निवासी अमेरिका देवी यादव, अजय कुमार यादव, रामशुभक यादव तथा तेज नारायण यादव पनि पक्राउ परेका छन् ।

जालसाजी मुद्दाका फरार प्रतिवादीसंग जनही २/२ सयका दरले ८ सय रुपैया वसुल गर्न बाकी रहेको प्रहरी नायब उपरिक्षक वस्नेतले बताए ।

पाँचै जनालाई बुधवार नै कैद र जरिवाना भुक्तानका लागी अदालतमा उपस्थित गराइएको प्रहरीले जनाएको छ ।

# टिपरको ठक्करबाट वृद्धको मृत्यु

**दैनिक समाचारदाता**
**सिरहा, ३१ वैशाख ।**

सिरहाको मिर्चैया-कटारी सडकखण्डअन्तर्गत मिर्चैया नगरपालिका-७ स्थित फूलबरिया खण्डमा मंगलबार टिपरको ठक्करबाट एक जनाको मृत्यु भएको छ ।

चुनढुङ्गा बोकेको टिपरको ठक्करबाट स्थानीय ६५ वर्षीय महेन्द्र महराको मृत्यु भएको इलाका प्रहरी कार्यालय मिर्चैयाले जनाएको छ ।

उदयपुरबाट चुनढुङ्गा बोकेर तीव्र गतिमा आएको बा प्र ०१-००४ क २९५३ नम्बरको टिपरले ठक्कर दिँदा महराको घटनास्थलमै मृत्यु भएको मिर्चैया प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक राज पुरीले जानकारी दिएका छन् ।

वृद्धालाई ठक्कर दिएको टिपर असन्तुलित भएर सोही स्थानबाट सडकमुनि पल्टिएको छ । टिपर चालक भने फरार भएका छन् ।

# ट्याक्टर पल्टिदा चालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ३१ वैशाख ।**

हुलाकी मार्ग अन्तर्गत सप्तरीको विष्णुपुर गाउँपालिका १ खुरहुरीया नजिकै मंगलबार राती ट्याक्टर पल्टिदा चालकको मृत्यु भएको छ ।

अनटेस्ट ट्याक्टर एक्कासी अनियन्त्रित भई सडक किनारमा पल्टिदा चालक सप्तरीको डाक्नेश्वरी नगरपालिका १ कविलाशाका १८ वर्षिय दिपक कुमार सन्तको मृत्यु भएको प्रहरीले जनाएको छ ।

ट्याक्टर पल्टिएपछी च्याप्पिएर गम्भीर घाईते भएका उनको उद्दार गरी प्रहरीले उपचारका लागि छिन्नमस्ता अस्पताल पुर्‍याएको थियो । तर उपचार कै क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

मृतकको शव पोस्टमार्टमका लागी स्थानीय गजेन्द्र नारायण सिह अस्पताल पुर्‍याई घटना बारे थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

# "सांसदको संख्या घटाऔं, संसद् बाहिरबाट मन्त्री नियुक्त गरौं"

काठमाडौं, ३१ वैशाख (रासस) ।

राष्ट्रियसभाको बुधबारको बैठकमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का नेता नारायणकाजी श्रेष्ठले यथास्थितिवादको निरन्तरतामा रहेको आगामी आर्थिक वर्षको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताले मुलुकको विद्यमान समस्या समाधान गर्न चुनौतीपूर्ण देखिएको बताउनुभएको छ ।

बैठकमा आगामी आर्थिक वर्ष २०८२/८३ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) माथिको छलफलमा भाग लिँदै उहाँले संरचनात्मक परिवर्तनसहितको क्रमभङ्गता अन्त्य गरी मुलुकलाई सङ्कटबाट जोगाउने किसिमले अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

"राजनीतिक अस्थिरता अन्त्य गर्न शासकीय स्वरुपमा परिवर्तन गरौं, महँगो र भ्रष्टीकृत निर्वाचन प्रणाली फेरेर पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जाऔं, सांसदलाई कानुन बनाउन केन्द्रित गरौं, मन्त्री संसद् बाहिरबाट नियुक्त गरौं", नेता श्रेष्ठले भन्नुभयो ।

सुशासनका क्षेत्रमा ठोस कार्यक्रम ल्याउनुपर्नेमा जोड दिँदै पूर्वउपप्रधानमन्त्रीसमेत रहनुभएका श्रेष्ठले कमजोर विधिको शासन र भ्रष्टाचारीको संरक्षण गर्ने प्रवृत्ति अब अन्त्य गर्नुपर्ने बताउनुभयो । "अब निरन्तरतामा क्रमभङ्गता आवश्यक छ । सुशासन, मितव्ययिता आवश्यकता हो", उहाँले भन्नुभयो, "सांसदहरूको सङ्ख्या, मन्त्रिमण्डल र प्रदेशसभा सांसद तथा प्रदेश मन्त्रिमण्डलको सङ्ख्या घटाऔं, अब नयाँ ढङ्गले जानेबाहेक कुनै विकल्प छैन ।"

राज्यका विभिन्न अङ्गको पुनरावलोकन र पुन:संरचनाको आवश्यकता औँल्याउँदै उहाँले विश्वविद्यालय, न्यायालय, संवैधानिक निकायमा राजनीतिक भागबण्डा बन्द गर्नुपर्नेमा जोड दिनुभयो ।

**मनसुनजन्य विपद्‌बाट बच्ने उपाय**

❖ आपतकालीन अवस्थामा चाहिने सामग्री सुरक्षित रुपमा भण्डारण गरौं,
❖ बाढीको सम्भावना भएको बेला सतर्क बनौं र सुरक्षित स्थानमा सरौं,
❖ पहिरो सम्भावित क्षेत्रमा सकेसम्म यात्रा नगरौं,
❖ घर बनाउँदा सुरक्षित स्थान, संरचना र प्रविधिको प्रयोग गरौं,
❖ आपतकालीन झोला (औषधि, पानी, टर्च, सञ्चारका साधनसहित) तयार राखौं,
❖ विपद् पूर्वतयारीसम्बन्धी तालिममा सहभागी बनौं,
❖ विपद्‌पछि भ्रम र डर नफैलाऔं, आधिकारिक सूचना मात्र अनुसरण गरौं,
❖ सामूहिक सहयोग, सजगता र तयारीले मात्र विपद्‌बाट हुने क्षति न्यूनीकरण गर्न सकिन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सगरमाथा संवाद : मिडियाले गर्नसक्छ सशक्त पैरवी

टिकाराम सुनार
काठमाडौं, ३१ वैशाख (रासस)।

सरकारले यही जेठ २-४ मा 'सगरमाथा संवाद' आयोजना गर्दैछ। जहाँ विश्वभरका प्रबुद्ध व्यक्ति र सम्बद्ध पक्ष 'जलवायु परिवर्तन, हिमाल र मानवताको भविष्य' बारे बृहत् संवाद हुनेछ। नेपालले जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रले सामना गरिरहेका चुनौती र असर, जलवायु मुद्दा र न्यायका सवालमा अन्तरराष्ट्रिय समुदायको ध्यानाकृष्ट गर्नेछ। यस कार्यक्रमलाई सरकारले आफ्नो मौलिक संवाद शृङ्खलाका रूपमा अघि सार्न खोजेको छ।

यो पाँच वर्षअघि नै नेपाल सरकार, विशेषगरी प्रधानमन्त्री केपी शर्मा ओलीले परिकल्पना गर्नुभएको बहुप्रतिक्षित कार्यक्रम हो तर त्यसताका कोरोना महामारीका कारण सम्भव हुन सकेन। यसपटक भने तोकिएकै समयमा कार्यक्रम हुने गरी सम्पूर्ण तयारी भइरहेको छ। सगरमाथा संवाद सचिवालयका मिडिया समिति संयोजक लोकबहादुर पौडेल क्षेत्रीका अनुसार संवादमा सहभागिताका लागि विश्वका करिब ३०० पाहुनालाई निमन्त्रणा गरिसकिएको छ।

संवादका क्रममा जलवायु परिवर्तनसम्बन्धी विभिन्न पाँचवटा विषयमा १२ वटा सत्र र तीनवटा 'प्लेनरी सेसन' सञ्चालन हुनेगरी तयारी भएको छ। यो संवाद नेपाल सरकारले जलवायु सरोकारका मुद्दा उठाउने 'अन्तरराष्ट्रिय मञ्च' का रूपमा स्थापित गर्न खोजेको र यसलाई आमनेपालीको आफ्नो कार्यक्रम बनाउन सबैबाट सकारात्मक भूमिका अपेक्षा गरिएको उहाँको भनाइ छ।

"जसरी जलवायुका सवालमा आवाज उठान विश्वमा केही बहुमहत्वका मञ्च छन्, नेपालले पनि त्यस्तै मञ्च स्थापना गर्न खोजेको छ। यसर्थ, यो आमनेपालीको विषय हो। हामीले खानेपानी, खाना, फेर्ने स्वास, बाँच्ने मौसम र सामना गर्नु परिरहेका जोखिमबारे विश्वव्यापी मत निर्माण गर्ने थलो हो। यसलाई सफल बनाउन हरेक क्षेत्रबाट सकारात्मक सहयोगको खाँचो छ", क्षेत्रीले भन्नुभयो, "जलवायु परिवर्तनमा नगन्य भूमिका भए पनि त्यसबाट हामीले सामना गरिरहनुपरेका चुनौती र त्यसबारे विश्व समुदायको ध्यानाकर्षण गराउनु पर्नेछ। यसमा सशक्त अभिमत बनाउन मिडिया, आमबुद्धिजीवी, सचेत नागरिक सबैको सहयोग आवश्यक छ। मिडियाले त्यसका लागि पुलको काम गर्नसक्छ।"

वरिष्ठ पत्रकार राजेन्द्र दाहाल सबैभन्दा पहिले सगरमाथा संवाद, यसको महत्व र मुद्दाबारे बुझ्न र बुझाउन जरूरी रहेको देख्नुहुन्छ। यसमा आयोजकको मिडिया रणनीति नै महत्वपूर्ण हुने उहाँको भनाइ छ। "यो संवादको सीमा के हो, आमनागरिकसँग कसरी जोडिन्छ भनेर गहिरोगरी बुझाउनुपर्नेछ। त्यसको माध्यम भनेको मिडिया नै हो तर त्यसअघि मिडियाकर्मीले नै यसबारे बुझ्नुपर्‍यो, अनि पो सशक्त भूमिका खेल्न सकिएला", उहाँ भन्नुहुन्छ, "यसपटक धेरै समय बाँकी रहेन, अब संवादबारे खबर मात्रै होइन जनतासँग जोडिएका कुरा भनिदिनका लागि पनि त मिडिया नै अगाडि आउनुपर्‍यो नि ! जनताका अधिकतम विषय उजागर गर्नुपर्छ भनेर मिडियाकर्मीले सोच्न आवश्यक छ।"

आगामी दिनमा संवाद सचिवालयले नै यस बिटमा काम गर्ने केही मिडियाकर्मीलाई यस मुद्दामा सशक्त पैरवीका लागि प्रशिक्षित गर्दै अगाडि बढ्नुपर्ने उहाँको सुझाव छ।

**'मिडिया पैरवी'**

जलवायु परिवर्तन पछिल्लो विश्वको सबैभन्दा ठूलो मुद्दा हो। यसमा नगन्य भूमिका भए पनि सबैभन्दा बढी क्षतिको सामना गर्नुपरेकाले नेपालका लागि यो मुद्दा अझ बढी महत्वको छ। कमजोर भूगोल, जलवायु संवेदनशील जनजीविका र सीमित अनुकूलन क्षमताका कारण जलवायु परिवर्तनबाट नेपालले चौतर्फी समस्या भोगिरहेको छ। यसले कृषि तथा खाद्य सुरक्षा, वन तथा जैविक विविधता, ऊर्जा, मानव स्वास्थ्य, पर्यटन, बसोबास, पूर्वाधार विकास, जीविकोपार्जनलगायत क्षेत्रमा गम्भीर क्षति पुर्‍याएको छ। यो कुरा उजागर गर्न मिडियाको सकारात्मक भूमिका अपरिहार्य छ।

वरिष्ठ पत्रकार एवं नेपाल वातावरण पत्रकार समूहका पूर्वअध्यक्ष कसमस विश्वकर्मा सगरमाथा संवाद जलवायु परिवर्तनका कारण नेपालले भोगिरहेका क्षतिको परिपूरण गर्ने उपयुक्त मञ्चको रूपमा विकास गरिनुपर्ने आवश्यकता देख्नुहुन्छ। त्यसका लागि सरकारका निकायले सबैलाई एकाकार गर्दै समन्वयात्मक रूपमा अगाडि बढ्नुपर्ने उहाँको भनाइ छ। "विश्व समुदायलाई आफ्ना कुरा सुनाउने मञ्चका रूपमा विकास गर्ने सरकारको उद्देश्य ठीक छ। यसलाई सफल बनाउने गरी सबैको सहयोग आवश्यक छ, यसमा संवाद सचिवालयको विशेष भूमिका रहनुपर्छ। यस सवालमा काम गर्ने मिडियाकर्मीले पनि आफ्नो दायित्वबोध गर्दै महत्वपूर्ण मुद्दा उधिन्ने, जलवायु न्याय र क्षतिपूर्तिको सवाल उजागर गर्न जोड दिनुपर्छ", पूर्वअध्यक्ष विश्वकर्माले भन्नुभयो।

'नखाएको विष' लागिरहेको अवस्थामा आमसरोकारवालालाई अग्रिम सुसूचित धारणा निर्माण गर्न र सगरमाथा संवादमा सहभागी विश्वसमुदायको ध्यानाकर्षण गराउन नेपाली मिडिया थप प्रखर रूपमा प्रस्तुत हुनुपर्ने बेला आएको भन्नुहुन्छ त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागका उपप्राध्यापक घमराज लुइँटेल। उहाँ सगरमाथा संवादको मुख्य सवाल 'जलवायु परिवर्तन, हिमाल र मानवताको भविष्य' नेपाल मात्र नभई हिमालय क्षेत्र, त्यसबाट निसृत हुने नदी प्रणाली र त्योसँग जोडिएको सभ्यता रक्षाको विषय भएकाले यो सबैको साझा मुद्दा हुनुपर्ने बताउनुहुन्छ। स्थानीय भोगाइ, राष्ट्रिय बुझाइ र त्यसलाई अन्तर्राष्ट्रियकरण गर्न विश्वव्यापी प्रभावपार्ने गरी मिडियाको उपयोग र उपस्थिति देखिनु अपरिहार्य रहेको लुइँटेलको बुझाइ छ।

"नेपाली मिडियाले जलवायु परिवर्तनका असर र जोखिमबारे विश्व समुदायको ध्यानाकर्षण गराउन विगतदेखि नै निकै सकारात्मक भूमिका निर्वाह गर्दै आइरहेका छन्। हाम्रा पीडा विश्व समुदायलाई महसुस गराउन र त्यसलाई सम्बोधन गर्न साझा दृष्टिकोण निर्माणका लागि यतिबेला मिडिया थप सशक्त माध्यम हुनसक्छ", उहाँ भन्नुहुन्छ, "यसमा नेपाली मिडिया आफैँले गर्ने काम त छँदैछ। यसका साथै जलवायु विज्ञान नितान्त प्राविधिक विषय भएकाले 'भन्नुभयो र बताउनुभयो' शैलीले मात्रै हुँदैन। त्यसैले संवादसँग जोडिएका विज्ञहरूले नै कसरी, कुन र कस्ता विषय अहिलेका प्राथमिकता हुन् भनेर मिडियालाई बुझाउन आवश्यक छ। यसले हाम्रा मुद्दा र साझा आवाजलाई थप सशक्त बनाउन सघाउनेछ।"

जलवायुविज्ञ मधुकर उपाध्याय सगरमाथा संवादमा जलवायुका विश्वव्यापी सवालभन्दा पनि नेपाली समाजले भोग्नुपरेका समस्याबारे बुझाउने र त्यसको सामनाका लागि 'हामीसँग अरु उभिने' माहोल बनाउन लाग्नुपर्ने बताउनुहुन्छ। जलवायु मुद्दामा पछिल्लो समय 'विश्वशक्ति' अमेरिकाको बुझाइ फेरिएपछि हरितगृह ग्यास उत्सर्जनको सवालतर्फ ध्यान भड्किएकाले नेपालले आफ्नो हित रक्षाका लागि रणनीतिक रूपमा अघि बढ्नुपर्ने उहाँको भनाइ छ। "अमेरिकाले जलवायु परिवर्तनका मुद्दाबाट बाहिर निस्किने घोषणा गरेको छ। यसले हिजोका दिनसम्म विश्वको प्रमुख विषय रहेको हरितगृह ग्यास उत्सर्जनको कुरा हाल कमजोर बनिरहेको छ। यसर्थ अब हामी रणनीतिक रूपमा अगाडि बढ्नुपर्ने आवश्यकता छ", उपाध्यायले भन्नुभयो,"हामीले लगातार तेस्रो सुख्खा हिउँद भोग्यौँ। मेलम्चीको विनास, गत असोजको विपद् र थामेको क्षति बेहोर्‍यौँ। स्थानीयस्तरमा यस्ता कैयन समस्या छन्। अब चौथो हिउँद सुख्खा भए के गर्ने, फेरि विनास आउन नदिन, जलवायु परिवर्तनका कारण गाउँगाउँबाट विस्थापित हुने अवस्था रोक्नका लागि प्रविधि, सीप, अनुकूलन क्षमता विकासमा सहयोगको स्थिति बनाउन सगरमाथा संवादको मञ्चलाई प्रयोग गरौँ। यो माहोल बनाउन मिडिया उपयोगी हुनसक्छ।"

बढ्दो क्षति तर कमजोर वित्तीय क्षमताका कारण नेपालको एक्लै प्रयासले चुनौती सामना गर्न कठिन रहेकाले जलवायु न्यायको आवाज सशक्त बनाउन सगरमाथा संवादलाई प्रभावकारी मञ्च बनाउन आवश्यक रहेको जानकारहरू बताउछन्। हुन पनि जलवायु परिवर्तनका असरसँग जुध्न र त्यसले पुर्‍याएका क्षतिको सामना गर्न नेपालको आफ्नै सामर्थ्यले धान्दैन। राष्ट्रिय अनुकूलन योजना, जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन राष्ट्रिय कार्यान्वयन योजनाले प्रक्षेपण गरेअनुसार नेपाललाई सन् २०२१ देखि २०३० सम्म न्यूनीकरणका क्रियाकलापमा २५ अर्ब र अनुकूलनका लागि २१ अर्ब अमेरिकी डलरको वित्त व्यवस्था गर्नुपर्ने हुन्छर। हालको अवस्था कायम रहँदा पनि करिब ५७ प्रतिशत स्रोतको अभाव हुने देखिन्छर। यहीबीचमा नेपाल अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुँदैछ। त्यसपछि अन्तर्राष्ट्रिय समुदायबाट हाल प्राप्त हुने वित्त सहायतामा भारी मात्रामा कटौती हुनेहुँदा वित्त अभावको खाडल थप गहिरिने छ।

**सुधार्नुपर्ने शैली**

संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी निकाय (आइपिसिसी) ले पनि मिडियालाई 'आकार दिने' शक्तिका रूपमा लिएको छ। यसले जलवायु परिवर्तन न्यूनीकरणका प्रयासलाई तीव्रता दिन सहयोगी वातावरण निर्माणमा मिडिया उपयोगी हुनसक्ने भनेर अर्थ्याएको छ। हाम्रो ग्रहलाई तताउने हरितगृह ग्यासहरूको उत्सर्जन घटाउने वा रोक्ने कार्यमा मिडियाको भूमिका महत्वपूर्ण हुने आइपिसिसीको बुझाइ छ।

आइपिसिसीले जलवायुसम्बन्धी विश्वव्यापी मिडिया कभरेजबारे गरिएको एउटा अध्ययनको सन्दर्भ उल्लेख गरेको छ। विश्वका विभिन्न ५९ देशहरूमा गरिएको सो अध्ययनले जलवायु मुद्दामा मिडिया कभरेज बढिरहेको देखाउँछ। सन् २०१६-१७ मा लगभग ४७ हजार मिडिया कभरेज रहेकामा सन् २०२०-२१ म त्यो सङ्ख्या करिब ८७ हजार पुगेको छ। सामान्यतया जलवायु विज्ञानमा मिडिया प्रतिनिधित्व वृद्धि भए पनि कसै-कसैले सङ्गठित रूपमै यसबारे फैलाउने भ्रामक जानकारी प्रसार गरेर ध्रुवीकरणलाई बढाएको र यसले जलवायु नीतिमा नकारात्मक प्रभाव पारेको पनि सो अध्ययनले देखाएको छ।

नेपाली मिडियाले अन्य समयमा जलवायु परिवर्तनजन्य विषयलाई आआफ्नो तवरले उठाइरहेकै छन्। त्यसको शैली र प्रवृत्तिबारे बृहत् अध्ययन जरूरी छ। बहुआयामिक महत्व बोकेका सम्मेलनमा नेपाली मिडियाले कसरी विषयवस्तुको उठान गर्छन् भन्ने सवालमा पङ्क्तिकारले यसअघि एउटा अध्ययन गरेको छ। त्यो सन्दर्भ यहाँ उल्लेख गर्नु सान्दर्भिक होला। जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलन कोप-२९ का सन्दर्भमा गत नोभेम्बर ९ देखि २५ (कात्तिक २६ देखि मङ्सिर ९) सम्म देशका पाँच वटा मिडियाका एक सय ४७ विषयवस्तुको विश्लेषण गरिएको थियो। त्यसक्रममा गोरखापत्र, कान्तिपुर, अन्नपूर्ण पोष्ट गरी तीन पत्रिका, एउटा समाचार समिति (रासस) र एउटा संस्थागत अनलाइन माध्यम (हाकाहाकी, वातावरण पत्रकार समूहको प्रकाशन) का विषयवस्तुको विश्लेषण गरिएको थियो। जसमा एक सय १५ समाचार, २९ वटा विचार र तीनवटा सम्पादकीय रहेका छन्। ती विषयवस्तुले नेपाली मिडिया प्रतिनिधिमण्डल, सरकारी अधिकारी र जलवायु परिवर्तनका विषयमा गरिएका औपचारिक कार्यक्रम तथा भाषणजन्य विषयमै बढी रुमल्लिरहेका देखाउँछ। यस्ता विषयवस्तु ८० प्रतिशतभन्दा बढी छन्। बाँकी विषयमा विज्ञहरूका विचार, सम्पादकीय, जलवायु परिवर्तनका असरसँग जोडिएका विविध गतिविधि र गुनासाहरू छन्।

जलवायु परिवर्तनको मुद्दा विश्वव्यापी भए पनि यसका असर हरेक व्यक्ति व्यक्तिले भोग्नुपरेको छ। त्यसैले यो हरेक व्यक्तिका लागि सरोकारको विषय हो। मिडियाले यस सवालमा 'क्याटालिष्ट' (यस मुद्दामा संवाद र अभिव्यक्तिको गतिलाई तीव्र बनाउँदै अभिमत बनाउने) र 'स्पिन डाक्टर' (सरोकारका विषय वा पक्षमा माहोल बनाउने वा अजेण्टा सेटिङ्ग गर्ने) को भूमिका खेल्न सक्ने जानकारहरू बताउँछन्। संयुक्त राष्ट्रसङ्घको न्युज साइटमा प्रसिद्ध वातावरण पत्रकार एन्ड्र्यु रेभकिनको अनुभव उल्लेख गर्दै मिडियाले पाँच वटा भूमिका खेल्नसक्ने उल्लेख छ।

यसमा सत्य जानकारी दिन अभियान चलाउने, सहकार्य बढाउन प्रेरित गर्ने, जलवायु समस्यासँग जुध्न सहयोगी वातावरण बनाउने, स्थानीय सन्दर्भ र सामाजिक पक्षहरूको विश्लेषण गरी जलवायु न्यायसँग सम्बन्धित कथाहरू उधिन्ने, भ्रम र गलत समाचारविरुद्ध लड्न साझा विश्वास एवं सहभागिता बढाउने तथा प्रमाण र अनुसन्धानमा आधारित वैज्ञानिक ज्ञानको पैरवी गर्ने पक्ष रहेका छन्।

जलवायु मामिलाका जानकार माइक एस सफर (२०१५) ले 'जलवायु परिवर्तन र मिडिया' शीर्षकको अनुसन्धानमूलक विचारमा भन्नुभएको छ, "मिडिया सञ्चार, विशेषगरी टेलिभिजन, रेडियो, पत्रपत्रिका वा इन्टरनेटजस्ता आमसञ्चार माध्यम नागरिक चेतना अभिवृद्धि, मानवजन्य जलवायु परिवर्तनबारे चेतना र ज्ञान हासिल गर्ने एक महत्वपूर्ण स्रोत हुन्।" संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) ले जलवायु परिवर्तनसम्बद्ध पत्रकारहरूका लागि बनाएको हातेपुस्तकमा जलवायु परिवर्तनका कारण सिर्जित डर र निराशा घटाउन तथा नयाँ प्राविधिक अवधारणाहरू बुझ्न प्रभावकारी सन्देश प्रवाह गर्नु जलवायु पत्रकारिताको मुख्य उद्देश्यमध्ये एक हो भनेर उल्लेख गरिएको छ। यसबारे थप प्रष्ट पार्दै भनिएको छ", जलवायु परिवर्तन सजिलै जानेवाला छैन। यो राम्रो हुनुभन्दा पहिले अझ खराब हुनेछ। त्यसपछि आममानिसले थप जानकारी माग्नेछन्। यो विवेकपूर्ण र जिम्मेवार मिडिया व्यवस्थापकहरूले आमदर्शकको सेवा गर्ने र क्रियाशीलता बढाउने अवसर हो। यसर्थ मिडियाले विज्ञान र सेवा प्रदायकलाई जोड्ने महत्वपूर्ण कडीका रूपमा विषयवस्तु प्रदान गर्नेछन्।"

नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष एवं राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झा जलवायु परिवर्तनका मुद्दाको उठानले ज्यान बचाउन, नीति परिवर्तन गर्न र मानिसहरूलाई सुसूचित निर्णय लिन सशक्त बनाउने भएकाले सोहीअनुसार भूमिका निर्वाह गर्नुपर्ने बताउनुहुन्छ। "सबैभन्दा महत्वपूर्ण कुरा मिडियामा सुसूचित रिपोर्टिङका माध्यमबाट जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका लागि भइरहेका गतिविधि, तयारी र देशभित्रका कथाव्यथालाई विश्वभर पुर्‍याउनु हो", झाले भन्नुभयो, "यसले धनी र शक्तिशाली देश तथा त्यहाँका नागरिक संस्थाहरूलाई जलवायु संवेदनशील क्षेत्र र समुदायहरूसँग एकजुट भएर काम गर्न उत्प्रेरित गर्नसक्छ। यसर्थ, सगरमाथा संवादलाई पनि हामीले यस्ता आवाज मुखरित गर्ने थलोका रूपमा विकास गर्न जरूरी छ। यसमा मिडियाको भूमिका नै प्रखर भएर आउनुपर्छ।"

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# के रेबिज खोप चौबिस घण्टाभित्र लगाइसक्नुपर्ने हो ?

**डा शेरबहादुर पुन**

काठमाडौँ, ३१ वैशाख (रासस)।

केही दिन अगाडि एक वयस्क महिला छोरालाई कुकुरले टोकेपछि हस्याङ्गफस्याङ गर्दै अस्पताल आइपुग्नु भएको थियो। आफ्नो बच्चालाई कुकुरले टोकेको २४ घण्टा पुग्नै लागिसकेकाले रेबिज खोप तुरुन्त लगाउन उहाँले अनुरोध गर्नु भएको थियो। आत्तिनु स्वाभाविक पनि हो किनभने रेबिज एक प्राणघातक सरुवा रोग हो। नेपालमा बीसौँ मानिस यही भाइरसको कारणले मृत्युवरण गर्दै आइरहेको अधिकारिक तथ्याङ्क पनि छ। हाम्रो समुदायमा रेबिजबिरुद्धको खोप कुकुरले टोकेको २४ घण्टाभित्र लगाई सक्नुपर्छ वा जसरी पनि लगाउनुपर्छ भन्ने व्यापक मान्यता रहेको पाइन्छ। त्यसो भए के कुकुर वा कुनै शङ्कास्पद रेबिज लागेको/बहुला जनावरले टोकेमा २४ घण्टाभित्र नै रेबिज खोप लगाई सक्नु पर्ने हो त ?

कुकुर वा कुनै शङ्कास्पद बहुला जनावरले टोकेमा खासगरी रेबिज सङ्क्रमणसँग सम्बन्धित चासो लिएर घाइते चिकित्सकको सम्पर्कमा आउने गर्दछन् र स्वस्थाकर्मी/चिकित्सकले पनि रेबिजसम्बन्धी परामर्श वा आवश्यक परे रेबिज बिरुद्धको खोप दिने गर्दछन्। रेबिज प्राणघातक सङ्क्रामक रोग हो। नेपालमा रेबिज लक्षण देखिएका कोही पनि बाँचेका/स्वस्थ भएको तथ्याङ्क छैन। लेखकको झन्डै साढे दुई दशकभन्दा बढीको अनुभवमा अधिकांश रेबिजबाट मृत्यु हुनेमा रेबिज सङ्क्रमित कुकुरको टोकाइबाट भएको देखेको छ। जङ्गली स्याल, बिरालोको टोकाइबाट पनि मृत्यु भएको छ। तर समग्रमा सङ्क्रमित कुकुरको टोकाइबाट रेबिज लागेर वर्षेनी सयौँ नेपालीले हाल पनि मृत्युवरण गर्नु परेको वा गर्दै आइरहेको अवस्था देखिन्छ।

जनावरको टोकाइमा बाँदरको टोकाई पनि अग्रपंतिमा नै देखिन्छ तर टोकेपछि रेबिज प्रमाणित भएको नेपालमा भने देखिँदैन। यद्यपि विदेशमा भने फाट्टफुट्ट बाँदरबाट पनि रेबिज पुष्टि भएको पढ्न/सुन्न पाइन्छ। नेपालमा बाँदरको टोकाइबाट मानिसमा रेबिज सरेको प्रमाणित नभएको भएता पनि अरु के कस्तो स्वस्थ समस्या (सङ्क्रमण) देखिन/हुन सक्छ भन्ने बारेमा भने सम्बन्धित निकायले चासो लिनुपर्दछ। शहरमा मन्दिर अनि गाउँघरतिर भए खेतबारी/जङ्गल जाँदा मानिसलाई बाँदरले टोक्ने गरेको पाइन्छ।

हाल खोप लगाउने तरिकामा केही परिवर्तन गरिएको छ। तर यो जानकारी सरकारी स्वास्थ संस्था वा अस्पतालमा बाहेक अरु ठाउँमा खासै पुगेको भने देखिँदैन। सन् २०१७ को अक्टोबरमा विश्व स्वास्थ सङ्गठनका बिज्ञको बैठकले सन् २०१० को रेबिजसम्बन्धी निर्देशिकालाई प्रतिस्थापन गर्दै नयाँ निर्देशिका सन् २०१८ मा प्रकाशित गरेको थियो। त्यस लगत्तै नेपालले पनि सन् २०१९ मा रेबिजसम्बन्धी नयाँ निर्देशिका प्रकाशित गरेको थियो।

नयाँ निर्देशिकामा देखिएको फरक वा परिमार्जित गरिएको विषय भनेको खोप लगाउने तरिका तथा अवधि हो। यसमा विशेषतः छालामुनि र मासु/मांशपेशीका (पाखुराको) गरी दुई प्रकारले खोप दिन सकिन्छ भनिएको छ। यी दुई तरिकाको आधारमा खोपको अवधि पनि एक हप्ता (छाला मुनि) र दुई हप्ता ( मासुमा दिने) मात्रा पुरा हुने गरी दिने गरिन्छ। छाला मुनि दिने तरिका पहिलोपटक नयाँ निर्देशिकामा समावेश भएर आएको हो। यो तरिकाबाट लगाउँदा खोपको मात्रा कम लाग्ने अनि छिटो अर्थात मासुमुनि दिने तरिकाभन्दा छोटो अवधिमा सकिने गर्दछ। मासुमुनि दिने तरिका छालामुनि दिने तरिकाभन्दा अवधि लामो भए पनि प्रतिस्थापित निर्देशिकामा भन्दा कम समयमा सकिनेछ। प्रतिस्थापित निर्देशिकामा मासुमुनि दिने तरिका मात्र थियो र त्यो २८ दिनसम्म दिनु पर्दथ्यो। विशेष तालिम प्राप्त स्वास्थकर्मी चाहिने भएकाले निजी क्लिनिक वा अस्पतालमा विशेषतःमासुमुनि दिने तरिकालाई निरन्तरता दिएको देखिन्छ। तर निजी क्लिनिक वा अस्पतालमा अहिले पनि मासुमुनि दिने तरिका अपनाउँदा पाँच पटक अर्थात् २८ दिनसम्म लगाउन सुझाएको वा लगाइदिने गरेको देखिन्छ।

खोप त लगाउने तर कति दिनभित्र लगाउनुपर्ने हो भन्ने चासो अधिकांशमा भएको पाहिन्छ। रेबिज प्राणघातक सङ्क्रामक रोग भएकाले पनि यस्तो चासो स्वभाविक मान्न सकिन्छ। समुदायमा भने कुकुर वा जनावरले टोकी हालेमा २४ घण्टाभित्र खोप लगाई सक्नुपर्छ भन्ने मान्यताले व्यापकता पाएको देखिन्छ। खोप जतिसक्दो चाँडो लगाउनु पर्दछ तर ढिलो भयो भन्ने पनि हुँदैन। उदाहरणको लागि, कसैलाई कुकुर वा कुनै जनावरले टोकेको रहेछ भने जतिसक्दो चाँडो नजिकैको अस्पताल वा स्वास्थ चौकीमा गएर खोप लगाइहाल्नु पर्दछ तर कुनै कारणले २४ घण्टापछि खोप लगाउन आएमा पनि खोप लगाउनु पर्दछ। यसो गर्नुको मुख्य कारण रेबिज रोगको 'इन्कुभेशन अवधि' सङ्क्रमित पिच्छे फरक र लामो हुनु हो। 'इन्कुभेशन अवधि' भन्नाले सङ्क्रमित भएर लक्षण देखिने अवधिलाई बुझाउँछ। लक्षण केही हप्तादेखि महिनौको अन्तरालमा देखिने गर्दछ।

नेपालमा धेरैमा रेबिजको लक्षण औसतमा चार-पाँच महिनादेखि वर्ष दिनभित्र देखिने गरेको छ। यद्यपि यो शरीरको कुन भागमा टोकेको हो त्यसमा लक्षण देखिने समय अवधि आधारित हुन्छ। खोप लगाउन जतिसक्दो चाँडो अनि ढिलो भन्ने हुँदैन भन्ने हो। कतिपय मानिस खोप लगाउन औषधि पसल जाँदा ढिलो (टोकेको दुई/तीन दिनपछि) आइपुगेकाले खोप लगाएर केही हुँदैन वा लगाउनुको अर्थ छैन भनेर फर्काएको अनि त्यस्ता घाइतेले मृत्युवरण समेत गर्नुपरेको उदाहरण धेरै छन्। यस्ता घटना बढी

*बाँकी अन्तिम पृष्ठमा*


मधेश प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
**डिभिजन वन कार्यालय सप्तरी, राजविराज**

प.स.: ०८१/०८२ यो..
च.नं. १४१८

फोन नं. ०३१-५३००८२
Email: dfosaptarirbj@gmail.com

मिति : २०८२/०१/३१

**विषय : निजी वन र कृषि वन स्थापना सहयोग कार्य संचालन वारेको सूचना ।**

(प्रथम पटक प्रकाशित मिति २०८२/०२/०१)

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम वमोजिम निजी वन र कृषि वन स्थापना सहयोग अन्तर्गत निजी जग्गाको उत्पादकत्वमा सुधार ल्याउन तथा स्थानीय जनताको आयआर्जनमा हावा पानी सुँहाउदो कृषि वन प्रणाली लागु गर्नुको साथै जिल्लामा कृषि वनको अभ्यास एवं सुरुवात गर्न ईच्छुक कृषकहरुलाई सहयोग गर्ने कार्यलाई पहिलो प्राथमिकता दिने भनि प्रदेश सरकारवाट स्विकृत कार्यकम संचालन तथा कार्यान्वयन कार्यविधि, २०८१ मा उल्लेख भएकोले सो अनुसारको काम गर्नको लागि प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा तपसिल अनुसारको आवश्यक कागजात सहित निवेदन दर्ता गराउन हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि डिभिजन वन कार्यालय राजविराज सप्तरीमा सम्पर्क गर्नु होला ।

डिभिजनल वन अधिकृत
डिभिजन वन कार्यालय, सप्तरी राजविराज

<u>तपसिल</u>
१) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।
२) जग्गाको लालपूर्जाको प्रतिलिपी ।
३) प्राविधिक लागत इष्टिमेट अनिवार्य पेश गर्नु पर्नेछ ।
४) थप जानकारीको लागि डिभिजन वन कार्यालयको योजना शाखामा सम्पर्क गर्नु हुन ।
५) समूह संस्थाको भए निर्णय प्रतिलिपी ।
६) संस्था दर्ता, नविकरण, कर चुक्ता, स्थायी लेखा नं. तथा लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी ।


## विश्व समाचार

### कतारले अमेरिकालाई दियो बोइङ ७४७ उपहार, नस्वीकार्नु मुर्खता हुने ट्रम्पको भनाइ

वासिङ्टन, ३१ वैशाख (रासस/एएनआई)।

कतारले अमेरिकालाई आरामदायी बोइङ ७४७-८ उपहार दिएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नयाँ बोइङ विमान नआउँदासम्म उक्त विमान अस्थायी रुपमा प्रयोग गरिने बताउनुभएको छ। उपहार लिने आफ्नो निर्णयको बचाउ गर्दै ट्रम्पले उपहार स्वीकार गर्दा करोडौं डलर बचत हुने र त्यो वचत 'अमेरिकालाई फेरि महान् बनाउन' खर्च गरिने बताउनुभयो। कतारको तर्फबाट आएको यो उपहार स्वीकार नगर्नु मूर्खता हुने राष्ट्रपति ट्रम्पले बताउनुभएको छ। ट्रम्पले सामाजिक सञ्जाल ट्रुथ सोसलमा एक पोस्ट शेयर गर्दै अमेरिकी रक्षा मन्त्रालयका लागि माग भएका बोइङ जेटको डेलिभरीमा धेरै ढिलो हुने सङ्केत गर्दै लेख्नुभएको छ, "बोइङ ७४७ अमेरिकी वायु सेना/रक्षा मन्त्रालयलाई दिइँदैछ, मलाई होइन। यो एउटा राष्ट्र कतारको अमेरिकालाई उपहार हो, जसलाई हामीले वर्षौंदेखि सफलतापूर्वक प्रतिरक्षा गर्दै आएका छौँ। यसलाई हाम्रो सरकारले नयाँ बोइङहरू नआउँदासम्म अस्थायी एयर फोर्स वनको रूपमा प्रयोग गर्नेछ।" उहाँले भन्नुभयो, "हाम्रो सेना र हाम्रा करदाताहरूले कुनै देशबाट सित्तैमा उपहार प्राप्त गर्दछन् किन करोडौं डलर खर्चिनुपर्‍यो।" उहाँले भन्नुभएको छ, "हामीलाई राम्रो कामको लागि जसले इनाम दिन चाहन्छ। त्यो नस्वीकार्ने मूर्खले मात्र हो।" द हिलका अनुसार कतारको शाही परिवारले संयुक्त राज्य अमेरिकालाई उपहारको रूपमा प्रस्ताव गरेको विमानको मूल्य ४० करोड अमेरिकी डलर अनुमान गरिएको छ। अमेरिकी राष्ट्रपतिले कतारबाट उपहारस्वरूप बोइङ विमान स्वीकार गर्ने समाचारपछि विपक्षी डेमोक्र्याटिक पार्टी र अमेरिकी समुदायबाट सामाजिक सञ्जालमार्फत् उक्त निर्णयप्रति आश्चर्य व्यक्त गर्दै निर्णयको आलोचना गरेका छन्। ह्वाइट हाउसकी प्रेस सचिव कारोलिन लेभिटले बोइङ ७४७-८ विमान कतारी राजपरिवारबाट एयर फोर्स वानका रुपमा सेवा गर्न उपहारस्वरुप स्वीकार गर्ने सम्बन्धी कानूनी विवरणलाई अन्तिम रुप दिन लागिएको सोमबार पुष्टि गर्नुभएको थियो। लेभिटले सरकारलाई कुनै पनि प्रकारको चन्दा वा उपहार कानूनको पूर्ण पालना गर्दै स्वीकार गरिने बताउनुभएको थियो। सीएनएनले उहाँलाई उद्धृत गर्दै दिएको रिपोर्टमा भनिएको छ, "सरकारलाई आउने कुनै पनि सहयोग जहिले पनि कानूनको पूर्ण पालनामा गरिन्छ।"

### बर्ड फ्लुका कारण उत्तर प्रदेशका सबै चिडियाखाना, सफारी पार्क अस्थायी रूपमा बन्द

इटावा, उत्तर प्रदेश, ३१ वैशाख (रासस/एएफपी)।

गोरखपुरको 'शहीद अशफाक उल्लाह खान चिडियाखाना' मा एभियन इन्फ्लुएन्जा (बर्ड फ्लु) एक बघिनीको मृत्यु भएपछि उत्तर प्रदेशका सबै चिडियाखाना र सफारी पार्कहरू अस्थायी रूपमा बन्द गरिएको छ। इटावा लायन सफारी पार्कका निर्देशक अनिलकुमार पटेलले एएनआईसँग भन्नुभयो, "गोरखपुर चिडियाखानामा एभियन इन्फ्लुएन्जाका कारण एक बघिनीको मृत्यु भएपछि राज्यका सबै चिडियाखाना र सफारीहरू एक हप्ताका लागि (मे २० सम्म) अस्थायी रूपमा बन्द गरिएको छ।" निकुञ्जले आवश्यक सावधानी अपनाएको र कर्मचारीको स्वास्थ्य परीक्षण गरिरहेको पटेलले बताउनुभयो। उहाँले भन्नुभयो, "चिडियाखानाका कर्मचारीको स्वास्थ्य अनुगमन भइरहेको छ। हामी सबै सावधानी अपनाइरहेका छौँ। हाम्रो निकुञ्जका कुनै पनि जनावरमा बर्ड फ्लुको लक्षण देखिएको छैन," पटेलले भन्नुभयो। एएनआईसँग कुरा गर्दै उत्तर प्रदेशका वनमन्त्री अरुण सक्सेनाले भन्नुभयो, "चिडियाखानामा बर्ड फ्लुको पुष्टि हुने बित्तिकै राज्यका चिडियाखानाहरू सावधानीको उपायको रूपमा एक हप्ताका लागि बन्द गरिएको छ।" उहाँले थप्नुभयो, "भाइरसको सङ्क्रमण फैलिन नदिन सबै चिडियाखानामा सरसफाइको काम भइरहेको छ। एक हप्तापछि फेरि जाँच गरिनेछ र थप निर्णय लिइनेछ।" यसअघि उत्तर प्रदेश सरकारले लखनउ, कानपुर र गोरखपुरमा रहेको इटावा लायन सफारी र चिडियाखानालाई एक हप्ताका लागि बन्द गर्न आदेश दिएको थियो। मङ्गलबार मुख्यमन्त्री योगी आदित्यनाथले एच-फाइभ एभियन इन्फ्लुएन्जा भाइरसबारे चेतावनीपछि राज्यको तयारी र प्रतिकार्य योजनाको समीक्षा गर्न वरिष्ठ अधिकारीहरूसँग एक उच्चस्तरीय बैठकको अध्यक्षता गर्नुभएको थियो। बर्ड फ्लु एक अत्यधिक सङ्क्रामक भाइरल रोग हो जसले विशेष गरी कुखुरा, हाँस र टर्कीजस्ता पङ्क्षीलाई असर गर्दछ। यो इन्फ्लुएन्जा ए भाइरसको कारण हुन्छ र 'एच-फाइभ' ले यी भाइरसहरूको उपप्रकारहरू मध्ये एकलाई बुझाउँछ। विशेष गरी एच-फाइभ एन-वन सबैभन्दा धेरै देखिने र खतरनाक रूपहरू मध्ये एक हो।

### भारत र पाकिस्तानले एक अर्काका कुटनीतिज्ञलाई २४ घण्टाभित्र देश छोड्न आदेश

इस्लामावाद, ३१ वैशाख (रासस/सिन्ह्वा)।

पाकिस्तान र भारतले मङ्गलबार एक-एक जना कूटनीतिज्ञलाई आफ्नो देशबाट निष्कासन गर्ने घोषणा गरेका छन्। दुबै पक्षले आ-आफ्ना अधिकारीमाथि जासुसी गतिविधिमा संलग्न भएको आरोप लगाएका छन्। पाकिस्तानले इस्लामावादस्थित भारतीय उच्चायोगका एक कर्मचारीलाई देशमा रहन 'अस्वीकार्य व्यक्ति' घोषणा गरेको छ। ती अधिकारीलाई २४ घण्टाभित्र देश छाड्न आदेश दिइएको पाकिस्तानको परराष्ट्र मन्त्रालयले जनाएको छ। "पाकिस्तानी प्रशासनले भारतीय कार्यवाहक राजदूतलाई सोधपुछका लागि परराष्ट्र मन्त्रालयमा बोलाएको र उक्त निर्णयबारे औपचारिक जानकारी दिएको थियो", विदेश मन्त्रालयले भनेको छ, "मन्त्रालयले भारतीय नियोगलाई आफ्ना कर्मचारीहरूलाई उनीहरूको कूटनीतिक जिम्मेवारीसँग मेल नखाने कार्यहरूबाट जोगिन सुनिश्चित गर्न आग्रह गरेको छ।" यसअघि, भारतीय सञ्चारमाध्यमका अनुसार भारत सरकारले नयाँ दिल्लीस्थित पाकिस्तानी उच्चायोगमा कार्यरत एक अधिकारीलाई २४ घण्टाभित्र देश छोड्न आदेश दिएको थियो। भारतीय विदेश मन्त्रालयले मङ्गलबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, "देश छोड्न आदेश दिइएका पाकिस्तानी कूटनीतिज्ञले 'भारतमा आफ्नो आधिकारिक हैसियतअनुरूप गतिविधिमा संलग्न नभएकोले उहाँलाई २४ घण्टाभित्र देश छोड्न आदेश दिइएको छ।"

# तिलाठी कोईलाडीमा संकटासन्नता तथा क्षमता विश्लेषण शुरु



दैनिक समाचारदाता
राजविराज, ३१ वैशाख ।

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकाको आठ वटै वडामा संकटासन्नता तथा क्षमता विश्लेषण कार्य शुरु भएको छ ।

विपद् पोर्टललाई अद्यावधिक गर्न र विपद व्यवस्थापन तथा जलवायु अनुकूलनका लागि योजना निर्माणमा सहयोग पुऱ्याउने र विपद तथा जलवायु उत्थानशील कार्यढाँचा बनाउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश कुमार झाले जानकारी दिएका छन् ।

तिलाठी कोईलाडी गाउँपालिका र आसमान नेपालद्वारा आयोजित सो कार्यक्रम बुधबार वडा नं. १ तिलाठीबाट शुरु गरिएको हो । वडा नं. १ का वडाध्यक्ष दिनेश्वर मिश्रको अध्यक्षतामा आयोजित सो कार्यक्रममा विपद् व्यवस्थापन अधिकृत राजेश कुमार झा, आसमान नेपालका अभिषेक अधिकारी, कञ्चन यादव र काशिन्द्र खंगले सहजीकरण गरेका थिए ।

सो कार्यक्रममा वडाका जनप्रतिनिधि, वडा स्तरीय विपद् व्यवस्थापन समितिका सदस्यहरु, विद्यालयका प्रधानाध्यापक, बाल क्लब प्रतिनिधि, युवा तथा सरोकारवालाहरुको सहभागिता रहेको थियो ।

# नेपालबाट 'खालिस्तानी गतिविधि चलाउने' कश्मीर सिंह पक्राउ

दैनिक समाचारदाता
काठमाडौं, ३१ वैशाख ।

भारतले खालिस्तानी पृथकतावादी आन्दोलनका सहयोगी कश्मीर सिंह गलबाडीलाई पक्राउ गरेको छ । भारतले उनलाई 'नेपालमा बसेर' खालिस्तानी आतंकवादी नेटवर्क सञ्चालन गरेर बसेका हरविन्दर सिंह सन्धु (रिन्डा)को प्रमुख सहयोगी भनेको छ ।

भारतीय सञ्चारमाध्यमका अनुसार, पन्जाबको लुधियानाका कश्मीर सिंह सन् २०१६ को नाभा जेलब्रेकबाट फरार भएका कडा अपराधीमध्ये एक मानिन्छन् । भारतको गुप्तचर संस्था राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआईए)ले उनलाई आइतबार पक्राउ गरेको हो ।

भारतीय सञ्चारमाध्यमका अनुसार, कश्मीर सिंहलाई बिहारको मोतिहारीमा प्रहरीको समन्वयमा पक्राउ गरिएको हो । तर, उनलाई



नेपालबाट पक्राउ गरेर भारतीय प्रहरीलाई बुझाइएको हुन सक्ने आशंका गरिएको छ । नेपाल प्रहरीका प्रवक्ता एसएसपी रमेश थापाले भने यसबारे कुनै जानकारी नभएको दाबी गरे ।

सन् २०१६ मा भारतको नाभा जेलब्रेक गरेर फरार भएका उनीमाथि रिन्डाजस्ता खालिस्तानी आतंकवादीसँग सक्रियरूपमा जोडिएर सीमापार अपराधमा संलग्न भएको आरोप लागेको छ ।

बब्बर खाल्सा इन्टरनेसनल (बीकेआई) र नेपालमा रिन्डाको आतंकवादी नेटवर्कको महत्वपूर्ण कडी भएको भन्दै एनआईएले कश्मीर सिंहलाई फरार अपराधी घोषणा गरेको थियो ।

उनीमाथि भारतमा विभिन्न आक्रमण भएपछि नेपाल आएर खालिस्तानी आतंकवादीलाई आश्रय, लजिस्टिक्स र आतंकवादी क्रियाकलापका लागि पैसा उपलब्ध गराउने काम गरेको आरोप छ ।

कश्मीर सिंहलाई सन् २०२२ मा एनआईए विशेष अदालतले फरार अपराधी घोषणा गरेको थियो । उनीविरुद्ध जमानत नमिल्ने वारेन्ट जारी भएको थियो । एनआईएले उनीबारे जानकारी दिनेलाई १० लाख रुपैयाँको इनाम पनि घोषणा गरेको थियो ।

सन् २०२३ जुलाईमा एनआईएले रिन्डासहित नौ आरोपितविरुद्ध आरोपपत्र दायर गरेको थियो ।

# डिजिटल मिडियाको अनुगमन र कारबाही काउन्सिलको क्षेत्राधिकार भएको ठहर

काठमाडौं, ३१ वैशाख (रासस) ।

उच्च अदालत पाटनले डिजिटल मिडियाको अनुगमन र कारबाही गर्नु प्रेस काउन्सिल नेपालको क्षेत्राधिकार भएको ठहर गरेको छ ।

न्यायाधीशद्वय मुनेन्द्र अवस्थी र टीकाराम आचार्यको संयुक्त इजलासले मंगलबार काउन्सिललाई अनलाइन न्यूजपोर्टल र युटचुबसहित सामाजिक सञ्जालमार्फत सञ्चालन हुने मिडिया काउन्सिलको अनुगमनको क्षेत्राधिकारमा पर्ने ठहर गरेको हो ।

काउन्सिलले गत मङ्सिर २७ गते दियो पोष्टडटकमसहितका विभिन्न डिजिटल मिडियालाई कालो सूचिमा राख्ने कारबाहीविरुद्ध परेको रिटमा मंगलबार यस्तो फैसला गरिएको हो ।

"यो फैसलाले डिजिटल मिडियाले पनि पत्रकार आचारसंहिताको पूर्णपालना गर्नुपर्छ भन्ने प्रष्ट व्याख्या गरेको छ", फैसलापश्चात् काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतको प्रतिक्रिया छ, "अबका दिनमा अनलाइन मात्र नभई युटचुब, फेसबुक पेजसहित प्रयोग गरी चलेका डिजिटल मिडियाको अनुगमनसमेत काउन्सिलको दायरामा परेको सम्मानित अदालतबाट व्याख्या भएको छ ।"

काउन्सिलले डिजिटल मिडिया अनुगमन र कारबाहीका लागि एक वर्षअघि नै कार्यविधि बनाई नियमन गरिरहेको छ ।

काउन्सिलका तर्फबाट कानुनी सल्लाहकार अधिवक्ताहरू अनन्तराज लुइँटेल र अधिवक्ताहरू भविन्द्र भुसाल, लिलाधर उपाध्याय, विकास भट्टराई, कीर्तिनाथ शर्मा पौडेल, प्रतिभा उप्रेती र विशाल थापाले बहस गर्नुभएको थियो ।

काउन्सिलले कालोसूचीमा राखेका नेपाल मंगलबारसहितका अनलाइनका सम्बन्धमासमेत उच्च अदालतल पाटनले काउन्सिलको नियमनको अधिकारलाई सदर गरेको थियो ।

# लोकतन्त्रमा जनताको जिउधनको सुरक्षा पहिलो शर्त : गृहमन्त्री लेखक

विराटनगर, ३१ वैशाख (रासस) ।

गृहमन्त्री रमेश लेखकले लोकतन्त्रमा जनताको जिउधनको सुरक्षा पहिलो शर्त भएको बताउनुभएको छ ।

गृह मन्त्रालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालय कोशी प्रदेशद्वारा बुधबार यहाँ आयोजित 'कोशी प्रदेशस्तरीय सुरक्षा गोष्ठी'को उद्घाटन गर्दै उहाँले सुशासन र समृद्धिका पक्षमा आवश्यक सुरक्षा व्यवस्था गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

गृहमन्त्री लेखकले शान्तिसुरक्षा कायम गर्ने सवालमा कसैसँग सम्झौता नगर्ने स्पष्ट गर्दै अपराधिक गतिविधिमा संलग्न जोसुकै भएपनि तिनलाई कानुनी दायरामा ल्याई दण्डित गर्न सुरक्षा निकायलाई निर्देशन दिनुभयो । मुलुकको संविधान र शासन व्यवस्था विरोधी गतिविधि सैह्य नहुने उल्लेख गर्दै उहाँले तोकिएको कानुनी व्यवस्था कार्यान्वयन गर्नेक्रममा सेवाग्राही जनताको काममा ढिलाइ गर्ने छुट राष्ट्रसेवक कर्मचारीलाई नभएको बताउनुभयो ।

गृहमन्त्री लेखकले सुमधुर सम्बन्धसहित आमजनतालाई केन्द्रमा राखेर सेवा प्रवाह गर्न राष्ट्रसेवक कर्मचारीलाई निर्देशन दिनुभयो । उहाँले सीमा क्षेत्रमा हुने चोरी निकासीजस्ता अपराधिक गतिविधिको न्यूनीकरण तथा नियन्त्रणका क्षेत्रमा ३० दिनभित्र अनुभूति हुने किसिमले काम गर्न सुरक्षा निकायलाई निर्देशन दिनुभयो ।

देशको रक्षासहित जनताको जिउधनको सुरक्षा गर्ने दायित्व राज्यको भएको उल्लेख गर्दै उहाँले लागु औषधिको कारोबार, आत्महत्या, साइबर अपराध र सवारीसाधन दुर्घटनाको न्यूनीकरण तथा नियन्त्रणका लागि सुशासनमा जोड दिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले समाजका हरेक क्षेत्रमा देखिएको विकाससँगै चुनौती पनि थपिएकाले त्यसतर्फ सुरक्षा निकायको विशेष ध्यान जानुपर्ने धारणा व्यक्त गर्नुभयो ।

उहाँले कोशी प्रदेशमा जातीय र पहिचानवादीका कारण शान्ति सुरक्षामा केही समस्या सिर्जना भएको चर्चा गर्दै लोकतान्त्रिक शासन व्यवस्थालाई आत्मसाथ गसिकेको नेपाली समाज अब एकात्मक व्यवस्थामा जान नसक्ने स्पष्ट गर्नुभयो ।

आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले खुला सीमाका कारण अवैध चोरी निकासी भई राजस्व चुहावट भइरहेकोतर्फ सुरक्षा निकायसहित राष्ट्रसेवक कर्मचारीको विशेष ध्यान जानुपर्ने बताउनुभयो ।

सो अवसरमा सुरक्षा निकायका प्रमुख तथा जिम्मेवार अधिकृतहरूले शान्ति सुरक्षा, अमनचयन कायम गरी जनताको जिउधनको सुरक्षा सुनिश्चित गर्न, सीमा क्षेत्रमा हुने अवैध गतिविधि नियन्त्रणसहित राजश्व वृद्धि गर्न, प्रविधिको विकाससँगै थपिएको सुरक्षा चुनौती नियन्त्रण गर्ने सन्दर्भमा कोही कसैसँग सम्झौता नगर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

गृहसचिव गोकर्णमणि दुवाडीको अध्यक्षतामा सञ्चालित सो कार्यक्रममा गृहमन्त्रालयका सहसचिव रामचन्द्र तिवारी, नेपाल प्रहरीका प्रमुख दीपक थापा, सशस्त्र प्रहरीका प्रमुख राजु अर्याल, राष्ट्रिय अनुसन्धानका प्रमुख निर्देशक हुतराज थापा, कोशी प्रदेशका सुरक्षा निकायका प्रमुख र प्रमुख जिल्ला अधिकारीहरूको सहभागिता रहेको छ ।

# 'विकास निर्माणको सबै काम प्रदेश र स्थानीय सरकारलाई दिनुपर्छ'

काठमाडौं, ३१ वैशाख (रासस) ।

जनमत पार्टीका अध्यक्ष डा सिके राउतले विकास निर्माणको सबै काम प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण गर्न माग गर्नुभएको छ ।

प्रतिनिधिसभाको बुधबारको बैठकको आर्थिक वर्ष २०८२/०८३ को लागि विनियोजित विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर बाहेक) माथिको छलफलका क्रममा उहाँले संविधानमा नै स्थानीय र प्रदेश सरकारलाई विकासको अधिकार दिने प्रावधान राख्न सुझाव दिनुभयो । सिद्धान्त र प्राथमिकतामा सात सिद्धान्त र २५ वटा प्राथमिकता रहेको छ ।

नागरिक उन्मुक्ति पार्टीका नेता गङ्गाराम चौधरीले कैलाली जिल्लाको भजनी, घोडाघोडी र कैलाली पालिकाको विकासको निम्ति बजेटको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सरकारले प्रस्तुत गरेका सिद्धान्त र प्राथमिकतामा समावेश लोक कल्याणकारी राज्यको अवधारणाअनुरुप समावेशी विकास र सामाजिक न्याय कायम गरिने छ भन्ने विषयलाई व्यवहारिक रुपमै कार्यान्वयन गर्नुपर्ने उहाँको भनाइ छ ।

नेपाली कांग्रेसका नेता राजेन्द्रकुमार केसीले सरकारले नेताको पहुँचको आधारमा भन्दा पनि सन्तुलित विकासलाई ध्यानका राखेर बजेट विनियोजन गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "सांसद कोषले सांसदको धेरै बदनाम गऱ्यो, अब सरकारले सांसद कोष नराख्ने भएको छ, त्यसको लागि सरकारप्रति धन्यवाद दिन चाहन्छु ।"

# 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक' प्रस्तुत

काठमाडौं, ३१ वैशाख (रासस) ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा 'भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८२' प्रस्तुत गरिएको छ ।

बैठकमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले उक्त विधेयकलाई समायानुकूल बनाउनुपर्ने भएकाले संसद्मा प्रस्तुत गरिएको बताउनुभयो ।

उहाँले विसं २०२१ देखि २०२८ सालसम्म नापी हुँदा विभिन्न कारणले नापजाँच नमिलेको वा नापीमा छुटेको स्थानमा अहिले बस्ती बसेकाले बस्ती उठाउन नसकिने र राजश्व पनि नतिरेको अवस्थामा समस्या फुकाउन विधेयकमा आवश्यक व्यवस्था गरिएको बताउनुभयो ।

यसअघि उक्त विधेयकमाथि सांसद प्रेम सुवालबाट प्राप्त विरोधको सूचनालाई बैठकले बहुमतले अस्विकृत गरेको थियो ।

### के रेबिज खोप ...

मोफसलका जिल्लामा भएको पाइन्छ । लेखकको विचारमा औषधि विक्रेतालाई पनि समयसमयमा रेबिजसम्बन्धी अभिमुखीकरण तालिम दिने वा रेबिजसम्बन्धी जानकारी उपलब्ध गराई दिनसके रेबिजबाट हुन सक्ने मृत्युलाई धेरै हदसम्म कम गर्न सकिने देखिन्छ ।

धेरैले घाउ ठूलो भए वा बाहिरको कुकुर वा जनावर टोकेमा मात्र रेबिज खोप लगाउनुपर्छ भन्ने धारणा बनाएको देखिन्छ । चोट/घाउ ठूलो भए यसै पनि धेरैजसो आत्तिएर नै रेबिजविरुद्धको खोप लगाउन अस्पताल आउने गरेको पाइन्छ । तसर्थ, चोट/घाउ ठूलो भएकाको भन्दा पनि मृत्युको रेबिजबाट हुने सङ्ख्या पनि केही हदसम्म कम भएको देखिन्छ । तर चोट/घाउ सानो भए रेबिज हुँदैन भनेर खोप नलगाउनाले तुलनात्मक रूपमा मृत्यु विगतमाभन्दा हाल बढ्दै गइरहेको देखिन्छ । कतिपयले त खोप लगाउन भोलि जान्छु, पर्सि जान्छु भन्दै गर्दा घाउ निको हुने अनि अब लगाउनु पर्दैन होला भनेर खोप नलगाउँदा केही समयपछि उनीहरूको पनि मृत्यु भएको छ । पछिल्लो समय ठूलो घाउ चोटको कारणले भन्दा पनि सानो घाउ चोटको बेवास्ताले गर्दा रेबिज भई मृत्यु हुनेको सङ्ख्या विस्तारै उकालो लाग्दै गइरहेको छ । हाल घरमा पालिएका भनिएका कुकुरसमेतमा रेबिज भाइरस पुष्टि हुने गरेको पनि देखिएको छ । यस्तो समस्या विशेषगरेर गाउँघरतिर बढी देखिने गरेको छ । गाउँघरतिर घरेलु कुकुर भन्नाले घरमा खाने/सुत्ने तर दिनमा बाहिर जाने/डुल्ने गर्दा अथवा नियन्त्रण नगरिने हुँदा बाहिरी कुकुर वा जङ्गली जनावरको सम्पर्कमा आउने अनि रेबिज सङ्क्रमित भई परिवारका सदस्यलाई टोकर सङ्क्रमित गराउने गरेको देखिन्छ । यस्ता समस्या कम भए पनि काठमाडौं पनि हुने गरेको छ ।

रेबिज रोगबाट बच्ने एक मात्र उपाय भनेको खोप लिनु हो । रेबिजलाई इतिहासमा सिमित गर्ने प्रयास अझै पनि वास्तविकताभन्दा टाढा नै रहेको देखिन्छ । रेबिजबाट मृत्यु हुनेको सङ्ख्या विगतका दशकभन्दा उल्लेखनीय सङ्ख्यामा घटेको तथ्याङ्क देखिँदैन । रेबिज रोग किन बढ्दैछ भन्ने कारणको अनुसन्धान नगर्ने हो नेपालमा यो भाइरस 'साइलेन्ट किलर'को रूपमा रहिरहने छ । बिरामीमा विशेष गरेर हावा वा/तथा पानीदेखि डराउने लक्षण देखिनथालेको केही दिनभित्र मृत्यु निश्चित प्रायःनै हुन्छ । तसर्थ, कुनै पनि जनावर अझ खास गरेर रेबिज सङ्क्रमित कुकुरले टोकेको शङ्का लागे नजिकैको स्वास्थ्य संस्था वा अस्पतालमा गएर रेबिजविरुद्धको खोप लिनु पर्दछ । खोप सकेसम्म चाँडो लिनुपर्दछ तर ढिलो भयो भन्ने पनि हुँदैन । *(लेखक शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पतालको क्लिनिकल रिसर्च युनिट संयोजक हुनुहुन्छ)*

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेवसाइट :** rajbirajdainik.com.np